| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ८६२/०६६/०६७
पि.ओ.बक्सः ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोनः ४४८१०४१, ४४९९०९४, फ्याक्सः ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

मध्यान्ह
www.madhyanhadaily.com
१० असार २०७९, शुक्रबार
24 June 2022, Friday

## सम्पादकीय

# विधिको बर्खिलाप

न्यायालयको गरिमामाथि शृङ्खलाबद्ध आक्रमण हुँदै आएकोमा फेरि अर्को अडियो प्रकरण चर्चामा छ । काठमाडौंका जिल्ला न्यायाधीश राजकुमार कोइराला र अधिवक्ता रूद्र पोखरेलबीचको अडियो सार्वजनिक भएपछि न्यायिक क्षेत्र नै तरंगित बनेको छ । फैसलामा घुस लेनदेनको अडियो सार्वजनिक भएपछि खण्डन, प्रष्टोक्ति र छानबीनसम्मका कुरा चर्चामा छ । कतिपयले घुस लेनदेन अडियोले न्यायिक विश्वास र गरिमामाथि गम्भीर प्रश्न उठेको टिप्पणी गरेका छन् । त्यसैपनि सर्वोच्च अदालत बितेको वर्ष पूरा विवादित बनेको छ । गएको कात्तिक–मंसिरमा प्रधानन्यायाधीश विरूद्ध सर्वोच्चका न्यायाधीशहरू नै आन्दोलनमा उत्रिएका थिए । संवैधानिक निकायको सिफारिसमा भागबण्डादेखि मन्त्रिपरिषद्मा भागबण्डा लिनेसम्ममा प्रधानन्यायाधीश संलग्न भएको भन्दै नेपाल बार एशोसियशन, न्यायाधीशहरू, पूर्वन्यायाधीशहरू आन्दोलित भएका थिए । तर प्रधानन्यायाधीशबाट चोलेन्द्र शमशेर जबराले राजीनामा दिएनन् । पछि सत्तारूढ सांसदहरूले महाअभियोग लगाएपछि जबरा निलम्वित छन्, तर अन्तिम निर्णय आउन नसक्दा सर्वोच्च कार्यबाहक प्रधानन्यायाधीशको नेतृत्वमा चलिरहेको छ ।

न्यायालयकै जस्तो समस्या बितको वर्ष कार्यपालिका र व्यवस्थापिकामा समेत देखिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको असंवैधानिक बिघटन गरेका थिए । एकपटक पुनर्स्थापित प्रतिनिधिसभा दोस्रोपटक पनि विघटनको निर्णय लिदा ओलीले नै पदमुक्त बने । व्यवस्थापिकामा देखिएको समस्याले कार्यपालिका पनि प्रभावित बन्यो । पाँच वर्षे स्थीर सरकार चलाउने जनोदश बिपरीत कांग्रेस नेतृत्वमा गठबन्धन सरकार बनेको छ । गठबन्धन सरकारले प्रधानन्यायाधीशलाई कोटामा मन्त्री दिएपछि सर्वोच्च अदालतकै फैसलामाथि एमालेले प्रश्न उठाउँदै आएको छ ।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै मुलुकको सर्वोच्च संस्था राष्ट्रपति कार्यालय पनि विवादित बन्यो । ओलीले गरेको प्रतिनिधिसभा विघटन गर्ने असंवैधानिक निर्णयलाई रातारात सदर गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीको नियतमाथि प्रश्न उठेको थियो । तर प्रतिनिधिसभा पुनर्स्थापना हुँदै कांग्रेस नेतृत्वको गठबन्धन सरकार बनेपछि स्थानीय तहको नियमित चुनाव सम्पन्न भएको छ । स्थानीय चुनाव अगाडि गठबन्धनकै दलहरूमाथि प्रश्न उठेको थियो । वैधानिक व्यवस्था भन्दा पनि सत्तामा टिकिरहन दलहरूले स्वार्थमा काम गरेको आरोप लाग्यो । यी सबै समस्याको कारण भने विधिको शासन पालना नहुनु नै हो । राज्यका हरेक क्षेत्रले गर्ने र गर्नपर्ने दायित्व प्रष्ट पारेको वैधानिक व्यवस्था अनुसार नचल्दा हरेक संस्थाको विश्वास कमजोर बन्दै गएको छ । यसले लोकतन्त्र, वैधानिक व्यवस्था र वर्तमान संविधान कार्यान्वयनमा समस्या निम्त्याउने निश्चित छ । तसर्थ लोकतान्त्रिक निष्ठा र संविधानवादप्रतिको इमान्दारिताले नै भोलिको नेपाल समृद्ध बन्नेछ ।

# स्थानीय निकायमा युवाको सवाल

*स्थानीय शासन सञ्चालनमा युवाले देखाएको उत्सुकताले मुलुक निर्माण तथा विकासमा युवाको चासो र चिन्ता अत्याधिक छ भन्ने कुरालाई स्पष्ट पारेको छ ।*

अग्रलेख



● झलक शर्मा

साहस र सिर्जनशिलताका धनी युवा शक्तिलाई देशमा समृद्धि ल्याउने बलियो खम्बाको रूपमा हेरिन्छ । शारीरिक तथा मानसिक तन्दुरुस्तीका कारण युवाले चाहेमा जस्तो सुकै परिवर्तन पनि सम्भव छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात युवाको पक्षमा प्रश्न उठ्नु स्वभाविक हो । रोजगारीका लागि युवाशक्ति दिनानुदिन विदेशिने क्रम चलिरहेको छ । उच्च शिक्षा र रोजगारीका लागि शहर झर्ने युवाको संख्या बाक्लो छ । ग्रामिण भेगमा युवाको संख्या निकै कम देखिन्छ । मुलुकमा चुनाव आउँदा राजनीतिक दलको प्रमुख एजेण्डा नै युवा लक्षित हुन्छन् । रोजगारीको अवसर दिलाउने तथा विकास पहरेदार बनाउने तर, यी एजेण्डाहरु चुनाव सकिए पछि तुहिएर जान्छन् । पुनः युवाको समस्या ज्यूँ का त्युँ रहन्छन् । यदि परिवर्तनकारी सोंच राख्ने हो भने स्थानीय निकायले युवाका धेरै मुद्दाहरुको सम्बोधन गर्नुपर्दछ । यसका लागि निर्वाचित जनप्रतिनिधिले अग्रगामी छलाङ् मार्नुपर्छ । ग्रामिण भेगमा नै युवालाई सन्तुष्ट पारि राख्न जनप्रतिनिधिलाई प्रमुख चुनौती हुन सक्छ । एकातर्फ युवाहरु अध्ययन पछि रोजगारीको अभावले चरम् डिप्रेशनमा परेको अवस्था छ भने अर्कोतर्फ देशमा नै केही गर्छु भन्ने युवालाई लगानीको सहज वातावरण नै छैन । तसर्थ, युवालाई रोजगारी सिर्जना गर्नु, व्यापार व्यवसायको प्रवर्द्धन गरिदिनु जनप्रतिनिधिको दायित्व हुन जान्छ । ग्रामिण भेगमा रोजगारीका अवसरहरु पर्याप्त छैनन् त्यो स्विकार्य छ तर, यस समस्यालाई हल गर्ने उपाय तथा कार्यक्रमहरु स्थानीय सरकारले खोजी गर्नुपर्छ ।

स्थानीय सरकारले युवालाई उत्पादनसँग जोड्न सक्नुपर्दछ । युवालाई कृषि पेशामा आकर्षण गराई आय आर्जनको बाटो देखाउनु पर्छ । ग्रामिण भेगमा थुप्रै जग्गा बाँझो छन् । त्यस जमिनको सही सदुपयोग गर्न विभिन्न कार्यक्रमहरु ल्याउनु आवश्यक छ । कृषि पेशा अंगाल्ने युवालाई कम मूल्यमा ऋण उपलब्ध गराउने, उब्जाइएको कृषि उपजको बजारीकरणको व्यवस्था गर्ने, त्यस उत्पादनले बजार नपाएको खण्डमा स्थानीय सरकार कै सक्रियतामा बिक्रि वितरण गरिदिने गर्नुपर्दछ । असिना, हिउँ, किरा तथा विभिन्न रोगहरुबाट कृषि बाली तथा पशुपालनमा हुने क्षति कम गर्न कृषि बिमा योजना अगाडी सार्नुपर्दछ । कृषि सम्बन्धि नयाँ प्रविधि तथा औजारहरुको सही प्रयोग गर्न सिकाउने र कम लागतमा बढी उत्पादन गर्न प्रोत्साहन गर्नुपर्दछ । युवालाई आत्मनिर्भर बनाउन स्थानीय सरकारले प्लम्बिङ, हाउस वायरिङ, सैलुन, ब्यूटि पार्लर तथा कम्प्युटर टेक्निसियनलगायतका तालिम प्रदान गरी व्यापारमा लाग्न प्रेरित गर्नु आवश्यक छ । विदेशबाट फर्किएका युवालाई आफ्नै गाउँठाउँमा लगानी गरेर प्रशस्त आय आर्जन गर्न सकिन्छ भन्ने वातावरण सिर्जना गरिदिनु पर्छ । युवालाई करको दायरामा केही प्रतिशत छुट गरी राज्यले सौलियत दिनुपर्छ । पर्यटन क्षेत्रमा युवाको लगानी बढाउन पर्यटकीय गन्तव्य स्थलको खोज अनुसन्धान गर्ने, पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा होम स्टे तथा एभेन्जरस खेललगायतका गतिविधिलाई प्रवर्द्धन गर्न स्थानीय सरकारले विशेष भूमिका खेल्नुपर्दछ ।

नेपाली युवामा काम गर्ने इच्छा, जोस जाँगर भएता पनि खाली भइ बस्नुपर्ने बाध्यता छ । बेरोजगारी देश समृद्धिको अवरोधक तत्व हो । बेरोजगार युवाहरु लागुपदार्थ दुर्व्यसनी तथा संगठित अपराधमा लाग्न सक्ने खतरा रहन्छ । यदि यस्ता गलत बाटोबाट रोक्न नसकेको खण्डमा समाजमा अशान्ति, असुरक्षा तथा अपराधिक घटनाले प्रश्रय पाउँदछ । लागुऔषध दुर्व्यसन र विकृतिको शिकार हुनबाट रोक्न स्थानीय सरकारले निरुत्साहित गर्ने, विभिन्न उपचारात्मक कार्यक्रम तय गर्ने र पुनर्स्थापना केन्द्र खोली सव्य, सक्षम युवा बनाउन प्रयास गर्नुपर्छ ।




*एकातर्फ युवाहरु अध्ययन पछि रोजगारीको अभावले चरम् डिप्रेशनमा परेको अवस्था छ भने अर्कोतर्फ देशमा नै केही गर्छु भन्ने युवालाई लगानीको सहज वातावरण नै छैन । तसर्थ, युवालाई रोजगारी सिर्जना गर्नु, व्यापार व्यवसायको प्रवर्द्धन गरिदिनु जनप्रतिनिधिको दायित्व हुन जान्छ । ग्रामिण भेगमा रोजगारीका अवसरहरु पर्याप्त छैनन् त्यो स्विकार्य छ तर, यस समस्यालाई हल गर्ने उपाय तथा कार्यक्रमहरु स्थानीय सरकारले खोजी गर्नुपर्छ ।*

स्थानीय तहको योजना निर्माणमा युवाको सहभागिता सुनिश्चित हुन सकेको छैन । स्रोत साधन उपभोग र सञ्चालनमा युवालाई बञ्चित गराइएको छ । युवा माथि राजनीतिक पूर्वाग्रह साँध्ने काम भइरहेको छ । युवा लक्षित आएका योजना, बजेट तथा कार्यक्रमहरुमा पार्टीका कार्यकर्ता र नेताका नातागोताको वर्चश्व रहने गरेको छ । स्वतन्त्र युवाहरुले राज्यबाट पाउने अवसरबाट सधैं टाढा रहनुपर्ने अवस्था छ । राजनीतिक पार्टीमा लाग्ने युवाहरुको जमात पनि बाक्लो छ तर, लाभदायी पदमा भने उनीहरुलाई उपेक्षा गरिएको छ । यस्ता प्रवृत्तिहरु रोकी स्थानीय तह तथा विभिन्न संगठनमा आम् नागरिक एवम् सरोकारवर्गलाई सुशासनको प्रत्याभूती दिलाउनुपर्छ । युवालाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउन विभिन्न अभियानमूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्छ । समृद्ध राज्य बन्नको लागि सक्षम युवाको खाँचो पर्दछ । यिनिहरुलाई मुलुकको विकासका लागि सही मार्गदर्शन दिने पात्रको रूपमा हेरिनुपर्छ ।

युवाको मूल मुद्दाको सम्बोधनका लागि उच्च राजनीतिक प्रतिबद्धताको खाँचो पर्दछ । युवालाई लगानीको वातावरण सिर्जना गर्न प्रष्ट नीति बनाउनु पर्दछ । स्थानीय तहबाट नै व्यवसायिक तथा प्राविधिक शिक्षालाई जोड दिनु आवश्यक छ । स्थानीय सीप, प्रविधि र पूँजीको प्रयोग गरि उद्यमशिलता प्रवर्द्धन गर्नुपर्छ । सबै प्रकारका श्रमको सम्मान गर्दै श्रमिकको संरक्षण गनुपर्दछ । स्थानीय स्रोत साधनमाथि युवाको पहुँच बढाउनुपर्छ । औद्योगिकरणमा जोड दिदै रोजगारी अभिवृद्धि गर्ने तथा आधुनिक कृषि औजार, मेसिनको प्रयोग गर्न युवा वर्गलाई सिकाउनुपर्दछ । स्थानीय स्तरमा गठन भएका युवा क्लबहरुसँग स्थानीय सरकारले उचित समन्वय गरेर विपद्को समयमा स्वयम्सेवी भूमिका परिचालन गर्ने, राज्यलाई योगदान गर्न प्रेरित गर्ने रणनीति तय गर्नुपर्दछ । खेल तथा कला क्षेत्रमा अभिरुचि बढाउन स्थानीय स्तरमा विभिन्न कार्यक्रम गरी प्रतिस्पर्धामा उतारी युवालाई अब्बल बनाउनु आवश्यक छ । युवाहरुमा उद्यमशिलताको विकास गर्न व्यवसाय सिर्जना सम्बन्धि उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ । हालसालै निर्वाचित भइ आएका जनप्रतिनिधिले आफ्नो घोषण पत्र तथा प्रतिबद्धता पत्रमा उल्लेख गरेको युवाको मुद्धा तथा विषयहरुको यथाशिघ्र सम्बोधन गर्नु जरुरी छ ।

स्थानीय चुनावमा युवा नेतृत्वलाई आम् नागरिकले निकै रोजेको पाइयो । स्थानीय शासन सञ्चालनमा युवाले देखाएको उत्सुकताले मुलुक निर्माण तथा विकासमा युवाको चासो र चिन्ता अत्याधिक छ भन्ने कुरालाई स्पष्ट पारेको छ । यस वातावरणले युवामा राजनैतिक परिपक्वता र नागरिक चेतना अभिवृद्धि गर्नमा प्रेरित गर्दछ । नेपालको हरेक राजनीतिक एवम् सामाजिक आन्दोलनमा युवाहरुको महत्वपूर्ण योगदान र सहभागिता रहँदै आएको छ । तसर्थ , राष्ट्र निर्माणको बलियो मियो युवा वर्ग भएकोले युवाहरुको सर्वाङ्गीण विकास गर्नु जरुरी छ ।

*इमेल : sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल



**- अमृत दुलाल**

"गगन प्रधानमन्त्री बन्दै गर्दा म प्रस्तावक भएँ भने त्यसमा आपत्ति मान्नु पर्ने के छ र ? गगन प्रधानमन्त्री लागि योग्य छैनन् भनेर सडकमा कसैले भन्यो भने छलफल गरौँला", विश्व प्रकाश शर्माको यो भनाईलाई लाख–लाख सलाम छ । यो हो राजनेतामा हुनुपर्ने गुण ।



**- गुरूराज घिमिरे**

लोकतन्त्रमा नयाँ पार्टी खुल्यो भनेर किन रूवावासी गर्नु ! आफ्नो पार्टी राम्रो चलाए भैहाल्यो नि ! अरूको गतिविधिमा मात्रै ध्यान दिनेले आफ्नो व्यवहार कहिल्यै सुधार्दैन । देश, समाज अस्तव्यस्त छ । यूवा निराश छन् । देशमाथि खर्बौंको ऋण छ । जनता भोकै छन् । मतलव छैन । अनि पार्टी खोल्यो भनेर रूवाबासी किन ?



**- कृष्ण घिमिरे**

सरकारले नागरिकता विधेयकलाई पारित गर्ने पहल गर्ने भएछ । सही नागरिकले सहजै नागरिकता पाउनु पर्छ, त्यसमा विभेद र अड्चन ग्राह्य छैन । तर गिरिजाबाले गरेको गल्ति नदोहरियोस्, सीमाबाट भित्रिने बित्तिकै नागरिकता नपस्कियोस् । विगत र अरू देशबाट पाठ सिक, नागरिकतालाई हचुवा नसम्झ, स्पष्ट आधार तय गर ।



**- मुकेश घिमिरे**

एमाले अध्यक्ष ओलीसँग निकट सम्बन्ध मात्र होइन हाल एमालेको कानुन विभागको सदस्यसमेत रहेका अधिवक्ता रू[illegible] पोखरेलले ठगी इच्छाराज तामाङ छुटाउन न्यायाधीश राजकुमार कोइरालालाई २ करोड घुस दिने अडियो सार्वजनिक भएको छ । एमालेका सदस्यका लागि करोड र अडियो दुवै मामुली भयो ।



**- डम्बर तेम्बे**

सदरमुकामका सेता घरहरू देखाउँदै २०२२ सालमा हजूरबाले यो बुढोटुइटेलाई भन्नु भो "त्यहाँ घुसे अड्डा छ" । न्यायाधीशहरू घुसको आधारमा फैसला गर्छन् र अन्य कर्मचारी घुस खाएर मात्र सेवा प्रदान गर्छन् भन्ने कुरा नभएका होइनन् । विगत र वर्तमान भएका यी कुरा भविश्यमा नहुने सुनिश्चित गर्नु आवश्यक छ ।

# भूराजनीतिक द्वन्द्वको चक्रमा नेपाल

विचार



● सुरेश कार्की

नेपाल असलंग्न परराष्ट्र नीति, पञ्चशिलताको सिद्धान्त, संयुक्त राष्ट्र संघको वडापत्रअनुसार चल्दै आएको थियो । तर अहिले खासगरि शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि नेपालको परराष्ट्र नीति अस्थिर र असन्तुलित हुँदै आएको छ । उनी प्रष्ट र खुल्लारूपले अमेरिकी खेमामा पुगेको देखिन्छ । पछिल्लो समय नेपालमा अमेरिकी आवात जावत र सहयोगको राशीका साथै नयाँ प्रस्तावहरू थपिदै गएका छन् । फलस्वरूप नेपालमा खतराको बादल मडारिदैछ र छिमेकीहरू समेत झस्कनु पर्ने अवस्था सिर्जना भएको छ । आज उत्तर र दक्षिणी छिमेकी देशहरु असन्तुष्ट मात्रै होइन सशंकीत पनि बनेका छन् ।

भारतमा दलाई लामाका प्रतिनिधि लोव्साङ्गलाई भेट्नु, एकतर्फी व्याख्यात्मक टिप्पणीसहित विवादास्पद एमसीसी पास गर्नु, फ्री तिब्बतीयन गतिविधिलाई प्रशय दिनु, स्टेट पार्टनसिप प्रोग्राम (एसपीपी)को सम्झौता हुन तयार हुनु, नाटो जस्तै लिलि प्याडको अमेरिकी योजनामा सहमत देखिनु यी केही उदाहरण मात्र हुन् । देउवा नेतृत्वको सरकारले चालेका निम्न कदम जसले नेपाललाई क्रमशः भूराजनीतिक द्वन्द्वको चक्रमा फसाउँदैछ ।

### एमसीसीसागै निम्तियो बाह्य हस्तक्षेप

एमसीसी पनि व्यापक विरोधका बाबजूत ठूला राष्ट्रिय पार्टीहरूका शीर्ष नेताहरुको सहयोग र समर्थनमा देउवा सरकारले संसदबाट पास गराएको थियो । सार्वजनिक र पारदर्शी भएको एमसीसी परियोजना इण्डो प्यासिफिक रणनीति अन्तर्गत अंग हो । विधूत प्रशारण लाईन र सडक निर्माण लगायतका कार्यमा बजेट खर्च भए पनि यसका कतिपय प्रावधानहरू सार्वभौम र स्वतन्त्र राष्ट्रका निम्ति आपत्तिजनक खालका छन् । तर, देउवाले त्यस्ता विषयलाई वेवास्ता गर्दै सम्झौता अनुमोदन गराएका छन् । जब वैधानिक रूपमा एमसीसी भित्रियो तब नेपालमा शक्ति राष्ट्रहरु हस्तक्षेप गर्न लालायित देखिए । अर्को अर्थमा भन्दा, हामीले नै हस्तक्षेपको बाटो खोल्यौं ।

### तिब्बतीय शरणार्थीको मुद्दामार्फत खेल्ने दाऊ

नेपालमा सन् १९९३ सम्म रजिष्टर्ड तिब्बेतियन शरणार्थीको संख्या १२ हजार ५४० छ र अन्य अवैधानिक रूपले बसोबास गर्नेको संख्या पनि करीब ५० हजार हाराहारी छ । अमेरिकीहरूको नेपाल र भारतमा रहेका करीब १ लाख तिब्बती शरणार्थीबारे विशेष चासो रहेको देखिन्छ । अमेरिकाले तिब्बत, हङ्गकङ्ग, सिनज्यांगको सवालमा अलगै मन्त्रालयको कोर्डिनेटर नियुक्त गरेको छ । हालै केही समय अघि तिब्बतकी सहायकमन्त्री भारतको धर्मशाला हुँदै नेपाल भ्रमणमा आएकी थिइन । नीतिगत रुपमा 'एक चीन नीति'मा रहेको अवस्थामा सरकारले स्कर्टिङ्ग गर्दै सहायकमन्त्रीलाई जावलाखेल र बौद्धका शरणार्थी शिविर निरिक्षण तथा त्यहाँका लामाहरुसँग भेट्ने व्यवस्था मिलाएको थियो ।

*नेपाल असलंगन परराष्ट्र नीति, पञ्चशीलताको सिद्धान्त, संयुक्त राष्ट्र संघको वडापत्रअनुसार चल्दै आएको थियो । तर, अहिले खासगरि शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि नेपालको परराष्ट्र नीति अस्थिर र असन्तुलित हुँदै आएको छ । उनी प्रष्ट र खुल्लारूपले अमेरिकी खेमामा पुगेको देखिन्छ ।*

अमेरिकीहरूको मुख्य चासो र दवाव नेपालमा रहेका शरणार्थीलाई कुनै कार्ड र परिचयपत्र दिलाउने र मानव अधिकारको नाममा उनीहरुलाई फ्री तिब्बती गतिविधिमा सहयोग गर्ने छ । अर्कोतिर, दलाई लामाका प्रतिनिधि र चिनियाँ सरकारका प्रतिनिधिबिच वार्ता गराउने पनि छ । किनभने सन् २००२ देखि २०१० सम्म ९ पटक वार्ता भएका छन् र अझै अन्त्यहिन वार्तामा अल्झाउने दाउ अमेरिकाको छ । तर, नेपाल अमेरिकाको उक्त दाउमा मोहरा बन्दै गएको छ ।

### 'लिलि प्याड' राख्ने योजना

अमेरिकीहरूले विश्वमा विभिन्न मुलुकका ८ सय स्थानमा नाटोका सैनिक अखडाहरू राखेका छन् । जापान, कोरिया, जर्मन, फिलिपिन्सलगायत मुलुकहरूमा यस्ता सैनिक अखडा छन् । अहिले फेरि अमेरिकाले साना आकारका स्थायी र अस्थायी प्रकारका लिलि प्याड नेपाल, भारत, श्रीलंकालगायत मुलुकका ६ सय स्थानमा बनाउन जमर्को गर्दैछ । अहिले नेपालमा अमेरिकी जहाज र सैनिकहरूको दौड शंकास्पद देखिन्छ ।

अमेरिकाले नेपाललाई पहिलोपटक सन् २०११ मा एसपीपीको प्रस्ताव राखेको बुझिन्छ र केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला सन् २०१८ मा फेरि अर्को प्रस्ताव राखेको देखिन्छ । यहाँ सबैलाई स्मरण रहोस् अमेरिकाले 'इण्डो-प्यासिफिक रणनीतिक प्रतिवेदन २०१९' मा नेपाललाई नयाँ साझेदारी मुलुकमा राखेको छ । हालै अमेरिकी सैनिकका इण्डो-प्यासिफिक कमाण्डर चार्लीस ए फ्लानीले केही कार्यक्रम परिमार्जन गरि १० बुँदे एसपीपी सरकारलाई बुझाएका छन् र हस्ताक्षर गर्न अनुरोध गरेका छन् । यसमा एमसीसी जस्तै ५० करोड अमेरिकी डलर अनुदान दिने उल्लेख छ ।

साथै, नेपाली सेनालाई तालिम, शान्ति सेनाको क्षमता अभिवृद्धि, माउन्टेन र जंगल वार फेयर, ईन्टेलिजेन्स सेयरिग, प्रतिआतंकवाद तालिम, युटा नेशनल गार्डसँग संयुक्त विपत व्यवस्थापन गर्नेलगायतका कार्यक्रम पनि समेटिएका छन् । एमसीसी पछि क्रमिक रुपमा आएको एसपीपीको प्रस्ताव नेपाललाई क्रमशः नेटो सदस्य बनाउने योजनाअनुसार आएको देखिन्छ । मन्त्रिपरिषद्ले एसपीपी अस्वीकार गर्ने भनेको छ । तर, यकिन मान्न सकिने अवस्था छैन । यदि यो प्रस्तावमा सहमति भएका अमेरिकी सेनाले सहजै नेपालमा प्रवेश गर्ने र अखडा जमाउने मौका पाउनेछ ।

वास्तवमा भन्दा नेपालमा खतराको घण्टी बज्दैछ र राजनीति भीरतर्फ लम्कदैछ । आज अमेरिकी नियन्त्रणमा रहेको विश्व बैंकका प्रतिनिधिको आवातजावत बढ्दैछ । युएसआइडी, डिफेडलगायतका कार्यक्रममा बजेट पनि बढ्दैछन् । स्वाभिमान राष्ट्रप्रेमी र देशभक्त नेपालीहरूले समयमै ख्याल गर्नुपर्ने भएको छ ।

***(लेखक कार्की वामपन्थी विश्लेषकका रूपमा परिचित छन्।)***

# नेपाल–भारतका प्रमुख क्यान्सर विशेषज्ञ एकै ठाउँमा



**काठमाडौं / मस**–नेपाल र भारतका अग्रणी क्यान्सर विशेषज्ञहरूले काठमाडौंमा एक कार्यशाला गोष्ठी सम्पन्न गरेका छन् ।

नेपालमा बढ्दो टाउको र घाँटीको क्यान्सर न्यूनीकरणको लागि काठमाडौंको र्‍याडिसन होटलमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको हो । गोष्ठीमा टाउको र घाँटीको क्यान्सर उपचारमा बिरामीहरूको लागि विभिन्न मुलुकमा भइरहेका नविनतम प्रविधिहरूको अध्ययन र छलफल भएको थियो ।

कार्यशालाले सर्वसाधारणमा क्यान्सर सम्बन्धी जनचेतना फैलाउने कुरामा पनि ध्यान केन्द्रित गरेको बताइएको छ ।

यस्तै कार्यशालामा टाउको र घाँटीको क्यान्सरमा उपचार व्यवस्थापन, पुनः पलाउने क्यान्सरको उपचार विकल्पहरूमा पनि छलफल भएको थियो ।

कार्यक्रममा नेपालको तर्फबाट नेपाल क्यान्सर अस्पतालको घाँटी र टाउको विभाग प्रमुख डा. प्रभात ठाकुर, डा. सुदीप श्रेष्ठ सहभागी थिए भने भारतको तर्फबाट फोर्टिस मेमोरियल रिसर्च इन्स्टिच्युट, गुरुग्रामका डा. एके आनन्द, डा. अंकुर वहल, डा. वेदान्त कावरा, डा.इशिता बी सेन र डा.नेहा कक्कड सहभागी भएका थिए ।

कार्यक्रममा फोर्टिस मेमोरियल रिसर्च इन्स्टिच्युट, गुरुग्रामका डा. एके आनन्दले भने, 'नेपालमा पछिल्लो समयमा टाउको र घाँटीमा क्यान्सरका बिरामीहरूको संख्या बढिरहेको छ । सूर्तिजन्य पदार्थहरूको प्रयोगमा कमि ल्याउन सरकारले अझै कडा नीति नियमहरू ल्याउनुपर्ने देखिन्छ । सूर्तिजन्य पदार्थहरूको सेवनले घाँटीमा क्यान्सर हुन्छ भन्ने चेतनाको अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।' फोर्टिस मेमोरियल रिसर्च इन्स्टिच्युट भारतको प्रमुख क्यान्सर अस्पतालहरूमध्ये एक हो ।

# पाल्पाका विद्यार्थीलाई आयुर्वेद शिक्षा



**विकाश काफ्ले / मध्यान्ह**
पाल्पा, ९ असार

पाल्पाको माथागढी गाउँपालिकाको चिदीपानी आयुर्वेद औषधालयले विद्यालय आयुर्वेद स्वास्थ्य योग शिक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

पालिकाको सबै माध्यमिक विद्यालयमा पुगेर आयुर्वेद र योग शिक्षाको विषयमा प्रशिक्षण गर्ने काम भइरहेको औषधालयका प्रमुख अमृत भण्डारी जानकारी दिए । विद्यालयमा पुगेर विद्यार्थीलाई आयुर्वेद र योगको फाइदा र जडिबुटी प्रयोगको बारेमा कार्यक्रम केन्द्रित रहेको उनको भनाइ छ ।

जडिबुटीको महत्वलाई प्राथमिकता राखेर काम गर्न सकेमा स्वास्थ्यको लागि फाइदा पुग्ने र वैज्ञानिक रुपमासमेत फाइदा हुने उनले बताए । विहीवार सौभाग्य माध्यमिक विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षाका विषयमा विद्यार्थीलाई जानकारी गराइएको थियो ।

विद्यार्थीलाई स्वास्थ्य सम्बन्धि जानकारीका साथै योग आसनबाट हुने फाइदा र एलोपेथिक आयुर्वेद औषधि प्रयोग गर्दा स्वास्थ्यलाई हुने फाइदाका बारेमा प्रशिक्षित गराइएको सौभाग्य माध्यमिक विद्यालय प्रधानाध्यापक कृष्णप्रसाद खनालले जानकारी दिए । चिदीपानी आयुर्वेद औषधालयले विभिन्न समयमा स्वास्थ्य र योग कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## काठ लिलाम बिक्रि सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/१०**

कञ्चनपुर जिल्ला बेदकोट नगरपालिका वडा नं. ३ मा रहेको बेदकोट सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ९५१ गोलिया थानको परिमाण ७८८.९७ क्युफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको**

## सूचना

यस कार्यालयमा मिति २०६६/०५/०२ मा दर्ता भएको दर्ता नं. ६५१६३/०६६/०६७ को **शैलेश्वरी सप्लायर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०९ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकृत वारिसनामा बदर गरिएको सूचना

इन्द्रलाल निरौलाको नाती पदम प्रसाद निरौलाको छोरा सुनसरी जिल्ला साबिक महेन्द्रनगर गा.वि.स. वडा नं. ४ परिवर्तित बराहक्षेत्र न.पा. वडा नं. ७ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने वर्ष ६३ को सिताराम निरौला (ना.प्र.न. ३५०/१४७६, जारी मिति २०४६/९/१८, जि.प्र.का.सुनसरी) आगे मेरो नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको जग्गाहरु सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई राजिनामा तथा अन्य कुनै व्यहोराले बिक्री वितरण तथा हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गर्न काठमाडौं जिल्ला अदालतबाट मिति २०७९ जेष्ठ ३० गते रजिष्ट्रेशन गरिएको अ.वा. आजको मितिबाट मेरै मामिस कटक बहादुर श्रेष्ठको नाति कोजिलाल श्रेष्ठको छोरा सिन्धुपाल्चोक जिल्ला साबिक गाती गा.वि.स. वडा नं. ९ परिवर्तित बाह्रबिसे न.पा. वडा नं. ६ बस्ने वर्ष ४७ को हर्क बहादुर श्रेष्ठ (२८१/६०८२१ जारी मिति २०४१/१२/०९, जि.प्र.का. सिन्धुपाल्चोक) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ को उपदफा (२)३ न. तथा ऐ.दफा १५४(१) र मुलुकी देवानी संहिता, २०७४ को दफा ४२५(१) बमोजिम यो अधिकृत वारिसनामा आजको मितिबाट बदर गरी दिएको छु ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल/व.मि. |
|---|---|---|---|---|
| सुनसरी | महेन्द्रनगर | ६ख | २४ | ०-१-१०-० |
| सुनसरी | महेन्द्रनगर | ६ग | ४१२ | ०-६-०-० |

इति सम्वत् २०७९ साल जेष्ठ महिना ३० गते रोज २ शुभम्......

# ZERO COST RECRUITMENT IN MALAYSIA!!
# मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

**(Company Name) : RAMATEX TEXTILES INDUSTRIAL SDN BHD JOHOR,**
**रोजगारदाता कम्पनी : रामाटेक्स टेक्सटाईल्स ईन्डस्ट्रिज एसडिएन. बिएचडी. जोहोर**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०३/०९ | चलानी नं.:६०१८१५५३ | एल टी नं.: २६५४७४ |
| Pre Approval Date: 6/23/2022 | Consignment No.:60181553 | L.T. No.: 265474 |

| सि.नं. S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या | | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब | | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Male पुरुष | Female महिला | | MYR रिङ्गिट | NPR ने.रु. | | | | | | | |
| 1 | Production Operator उत्पादन अपरेटर | 150 १५० | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 42,420 ४२,४२० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/ No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

**RAMATEX TEXTILES INDUSTRIAL SDN BHD . doesn't impose any Recruitment/Placement Fee for this employment.**
**रामाटेक्स टेक्सटाईल्स ईन्डस्ट्रिज एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**

Aakarshan does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
आकर्षणको कुनै पनि एजेन्ट, सव–एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौ ।

**Note (नोट):**

* आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
* Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
* प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
* Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted till 1 July 2022 only in office Premises.**
**प्रि–अन्तर्वार्ता मिति २०७९ असार १७ गते मात्र मेनपावर कार्यालय परिसरमा हुनेछ ।**
**Final Interview will be conducted on 1 July 2022 in Kathmandu.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ असार १७ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No.: 609/062/063
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178

## कुवेतमा रोजगार | 1. United Facilities Management

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०७/०४ चलानी नं.: [illegible] LT# 248229

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaners (Indoor) | 43 | 16 | [illegible] | 85 | ३४,७६२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard | 275 | 50 | | 125 | ५१,०६८।- | | | | | | | |

### 2. Global Modern Facilities Management Co.

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०७/०४ चलानी नं.: [illegible] LT# 248228

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaners (Indoor) | 311 | 89 | [illegible] | 85 | ३४,७६२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard | 147 | 50 | | 125 | ५१,०६८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७९ आषाढ १७ गते (1 July, 2022) यस प्रा. लि. को कार्यलय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १ आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २ आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३ यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४ विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५ विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६ काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७ यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ५०९/०६१/६२
Sambhu Marg, Sinamangal, Kathmandu, Ph. 4478783, Email : abcoverseas@gmail.com

## UAE मा रोजगार | 1. Magnum Plus Cleaning Services.

पूर्व स्वीकृती मिति: २०७९/०३/०९ चलानी नं.: ६०१८१४०९ LT No.: 265372

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 20 | साधारण | 800 | २७,२९२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

### 2. Magnum Security Services.

पूर्व स्वीकृती मिति: २०७९/०३/०९ चलानी नं.: ६०१८१४०८ LT No.: 265419

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 30 | [illegible] | 1612 | ५४,९९६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Lifeguard | 5 | | 1300 | ४४,३५०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७९ आषाढ १७ गते (1 July, 2022) यस प्रा. लि. को कार्यलय महाराजगंज, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १ आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २ आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३ यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४ विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५ विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६ काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७ यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, [illegible] सम्पर्क राख्नुहोला ।

**NAMASTE NEPAL MANPOWER PVT. LTD.**
Gov. Lic. No. 355-059/060
Maharajgunj-3, Chakrapath, Kathmandu, Nepal
Tel. No. : 01- 4017803

## कुवेतमा रोजगार | कम्पनी: ANJALI IMPORT EXPORT & COMMISSION AGENT CO.WLL
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१६२७ LT. No. 265577

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour (Indoor) | 40 | 0 | स. काममा दक्ष | 90 | ३६,६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851149287, 9851111199, 9812221161
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## युएईमा वैदेशिक रोजगार | १. कम्पनी : PRESTIGE LABOUR SUPPLY
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/०१ चलानी नं.: ६०१६५४७९ पुनः विज्ञापन LT. No.: 248664

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loaders/ Helpers | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २७,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 30 | 20 | | 800 | २७,२४८ | | | | | | | |

## कतारमा रोजगार | २. कम्पनी : SMART PLANET TRADING AND SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२३ चलानी नं.: ६०१७४०५३ पुनः विज्ञापन LT. No.: 257644

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 30 | 0 | स. काममा दक्ष | 1400 | ४७,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
CONTACT NO- 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171, 9801848598

## साउदीमा रोजगार | कम्पनी : SELECTION OF THE ERA FACTORY FOR INDUSTRY
शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/१०/१० चलानी नं.: ६०१७३३३४ पुनः विज्ञापन LT. No.: 256699

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1200 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

## UAE मा रोजगार | कम्पनी :ACCURO SPECIALIST SUPPORT SERVICES (LLC)
शहर:UAE

पूर्व स्वीकृत मितिः २०७८/०३/०९ चलानी नं.: ६०१८१५४२ LT. No.: 265430

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chief Steward | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६१,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Pastry Chef | 4 | 0 | | 2000 | ६८,१२० | | | | | | | |
| 3. | Baker/pastry Chef | 2 | 0 | | 2500 | ८५,१५० | | | | | | | |
| 4. | Kitchen Steward. | 20 | 0 | | 1000 | ३४,०६० | | | | | | | |
| 5. | Salad Maker | 5 | 0 | | 1800 | ६१,२७२ | | | | | | | |
| 6. | Senior Analyst | 2 | 0 | | 3500 | १,१९,२१० | | | | | | | |
| 7. | Waiter | 27 | 0 | | 1200 | ४०,८७२ | | | | | | | |
| 8. | Waitress | 0 | 37 | | 1200 | ४०,८७२ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9817079788

## MALAYSIA मा रोजगारको अवसर | कम्पनी: PROZAS SECURITY (M) SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५८३ L.T. No.:265343

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849913982, 9849835502, 9810274885, 9851168772, 9818106406

## मलेसियामा रोजगारको अवसर | कम्पनी : MITSUI HIGH-TEC (MALAYSIA) SDN. BHD.
शहर: SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५६९ LT. No.: 265439

